# अनुसुची १

## दफा ५ को उपदफा (५) र दफा ६८ को उपदफा (३)संग सम्बन्धित

## उद्यम विकास सहजकर्ताको कार्य विवरण

**पदः** उद्यम विकास सहजकर्ता

**योग्यताः** .....................

**कार्य स्थलः** स्थानीय तह/उद्योग विकाससंग म्बिन्धित शाखा तथा उपशाखा

**अवधिः** मिति २०७७ मंसिर १ देखि २०७७ अषाढ मसान्त सम्म

आ.ब. २०७७/०७८ देखि संघिय सरकारको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम पनि संचालन गर्नु पर्ने भएको छ । साथै स्थानीय तहले लघु उद्यम विकास, सीप विकास, आय आर्जन र रोजगार सम्बन्धि विभिन्न कार्यक्रमहरु पनि संचालन गरिरहेको छ । यि कार्यहरु स्थानीय तहका लक्षित वर्गहरुमा प्रभावकारी रुपमा संचालन गर्न गराउन उद्यम विकास सहजकर्ताहरुको लागि तयार पारिएको Terms of responsibility (TOR) ।

**(१) उद्यम विकास सहजकर्ताको कार्य जिम्मेवारीहरुः**

उद्यम विकास सहजकर्ताले गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्योग विकास शाखा वा उपशाखाको मातहतमा देहाय जिम्मेवारीको कार्य गर्नु पर्नेछ ।

**(क) नयाँ उद्यमीको सिर्जना तर्फः**

- वडा स्तरमा लघु उद्यम विकास (मेड) मोडेल सम्बन्धमा अभिमुखिकरण गर्ने
- तोकिएको वडा/कस्ति स्तरमा मसहभागितात्मक ग्रामिण लेखाजोखा पद्धतिबाट स्थानीय श्रोत साधन, बजार र लक्षित वर्गको पहिचान तथा लघु उद्यम विकासका लागि घरधुरी लगायतका सर्वेक्षण गरि संकलित सुचना तथा तथ्यांक विश्लेषणको आधारमा प्रतिवेदन तयार गरी पेश गर्ने
- लघु उद्यामी समुह गठन गर्ने, नियमित बैठक वसाउने, व्यवसायिक शिक्षा दिने र नेतृत्व विकास सम्बन्धि क्रियापलापहरु गर्ने
- सम्भावित लघु उद्यमीहरुलाई उद्यमशिलता विकास तालिम (ToPE/TOSE) र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धि तालिम प्रदान गर्ने
- सहभागिहरुले छनौट गरेका उद्यम/व्यवसायको व्यवसायिक योजना तयार गर्नको लागि सहजीकरण गर्ने
- व्यवसायिक योजनाको आधारमा उपयुक्त देखिएको व्यवसाय छनौटको आधारमा प्राविधिक सीप विकास तालिमको लागि सहजीकरण गर्ने
- लघु उद्यमीको उद्यमको स्थापना तथा शुरुवातको लागि आवश्यक वित्तिय सेवामा पहुच उपलब्ध गराउनको लागि वित्तिय संस्था तथा सहकारी संस्थासंग समन्वय तथा सहजीकरण गर्ने
- उपयुक्त प्रविधि सम्बन्धि सुचना संकलन गर्ने र त्यसको सम्बन्धन उद्यमीसंग गराउन पहल गर्ने गराउने

- उद्यमीको बजार योजना तयार गरि त्यसलाई कार्यान्वयन गर्ने
- उद्यमीलाई नियमित रुपमा भेटघाट गरि व्यवसायिक परामर्श दिने
- साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना तथा दिगो रुपमा संचालनको लागि सहजीकरण गर्ने
- लघु उद्यमीहरुलाई प्रलान गरिएका सेवाको तथ्यांक अध्यावधिक गर्ने

(ख) **उद्यमको स्तरोन्नती तर्फ:**

- संचालनमा रहि रहेका लघु उद्यमको व्यवसायिक क्षमता अभिवृद्धिका लागि आवश्यकता पहिचानको कम्बन्धमा SWOT analysis गर्ने र त्यसको आधारमा तोकिएको बजेट तथा कार्यक्रम भित्र रही सहयोगको क्षेत्रको प्राथमिकीकरण गर्ने
- उद्यमीको व्यवसायिक व्यवस्थापन तथा व्यवसायको वृद्धिको लागि उद्यमशीलता विकास तालिम (ToEE, ToGE) संचालन गर्ने ।
- उद्यमीको व्यवसायिक क्षमता अभिवृद्धि गर्नेका लागि देहायका विषयमा सहजीकरण गर्ने
  - ✓ लघु उद्यमीद्वारा उत्पादित वस्तुहरुको विक्री बढाउन
  - ✓ उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न
  - ✓ प्रविधिमा पहुँच तथा हस्तान्तरण गर्न
  - ✓ सीप विकास तालिम प्रदान गर्न
  - ✓ लघु उद्यमीको नाफामा वृद्धि गर्न
  - ✓ वस्तु विकास तथा विविधिकरण गर्न
  - ✓ गुणस्तर नियन्त्रण तथा गुणस्तरीय वस्तु वा सेवाको उत्पादन गर्न
  - ✓ बजार संजालको विकास तथा व्यवसायिक परामर्श प्रदान गर्न
  - ✓ उद्यमीले आंशिक रुपमा संचालन गरेको उद्यमलाई पुर्ण रोजगारीमा परिवर्तन गराउन
- लघु उद्यमीलाई निजले संचालन गरेको उद्यमबाट आधारभुत आर्थिक आवश्यकता पुरा गर्न सक्षम हुने स्तरमा नाफा आर्जन गर्न सक्षम बनाउन सहयोग गर्ने
- लघु उद्यमी समुहको परिचालन तथा क्षमता अभिवृद्धिको लागि सहयोग गर्ने
- लघु उद्यमीको व्यवसायिक कारोबार तथा प्रदान गरिएको सेवाको तथ्यांक आध्यावधिक गर्ने

(ग) अन्य:

- कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने नीति निर्माणको लागि आवश्यकताको आधारमा स्थानीय तहलाई सहयोग गर्ने
- स्थानीय तहको उद्योग विकास शाखा वा उद्योगसंग सम्बन्धित शाखासंग लघु उद्यमको लागि प्रत्यक्ष सम्पर्कमा रही तोकिएको कार्य गर्ने
- यस कार्यक्रम तथा उद्यम विकास वा सीप विकास सम्बन्धि अन्य कार्यक्रम संचालनको लागि परिचालित कर्मचारीको मेड मोडेलमा क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने

- स्थानीय तहमा संचालन हुने वार्षिक योजना तर्जुमा प्रक्रियामा लघु उद्यम विकास कार्यक्रमलाई मुलधारमा ल्याउनको लागि सथनीय तहका जनप्रतिनीधि, कर्मचारी लगायत अन्य साझेदार संस्थालाई आफ्ना आफ्ना जिम्मेवारी तथा भुमिको बारेमा छलफल वा अनुशिक्षण पद्धति मार्फत सुसुचित गराउने
- उद्यम विकास रणनीति योजना निर्माण तथा यसको कार्यान्वयनको लागि आवश्यकता अनुसार सहजीकरण गर्ने
- स्थानीय तहले कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने
- लघु उद्यम विकासका लागि संचालन गरिएका सबै कार्यक्रम तथा बजेटको अनिवार्य रुपमा समुदाय स्तरमा सार्वजनिक लेखा परिक्षण गरि प्रतिवेदन पेश गर्ने र स्थानीय तहले आयोजना गरेको सार्वजनिक सुनुवाईमा सहभागि हुने
- कार्यक्रमले तोकेको कार्य प्रगति प्रतिवेदन समयमा नै तयार गरि पेश गर्ने
- उद्यमशीलता विकास सहनीकरण केन्द्र वा अन्य यस्तै प्रकृतिको संस्था/इकाईसंग सम्भावना भएका क्षेत्रमा साझेदारी तथा सहकार्य हुने गरि समन्वयमा कार्यक्रम संचालन गर्ने
- उद्यो विकास शाखाले लघु उद्यमसंग सम्बन्धित तोकिएका कार्य गर्ने
- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ मा उद्यम विकास सहजकर्ताले गर्ने भनि तोकिएका अन्य कार्यहरु गर्ने

(२) **उद्यम विकास सहजकर्तामा हुनु पर्ने सीपहरु:**

- उद्यम विकास सहजकर्तामा मृदुभाषि, स्थानीय भाषालाई सम्मान गर्ने, ध्यान दिएर सुन्ने, रचनात्मक उत्तर दिने, समुदायमा घुलमिल हुन सक्ने आदि सीप भएको
- लघु उद्यमीलाई उनीहरुको उद्यम सफलतापुर्वक संचालन गर्नका लागि व्यवसायिक परामर्श प्रदान गर्न सक्ने
- लघु उद्यमका सफलताका पक्ष पहिचान गर्न सक्ने, संचालित उद्यमको सबल र दुर्वल पक्षको विश्लेषण गरि सफल उद्यमको विकास गर्न सक्ने
- उद्यम र उद्यमीको समस्याको पहिचान गर्न उद्यमीसंगको अर्न्तक्रिया, समाभनको उपाय खोजी गर्न सहभागितामुलक पहल, विश्लेषण तथा अनुभवको आधारमा उपयुक्त निर्णय गर्न सक्ने
- लघु उद्यमी तथा उनीहरुको उद्यमको नियमित सुपरिवेक्षण, अनुगमन गरि आवश्यक सुझाव तथा उद्यम स्तरोन्नतिका लागि आवश्यक तालिमको आयोजना, सोको लागि अन्य सेवा प्रदायक संस्थासंगको समन्वय र सहकार्य गर्न सक्ने
- उद्यमीसंग व्यवहारिक छलफलको माध्यमबाट दोहोरो सिकाईको वातावरण तयार गर्न सक्ने
- नेपाली लेखाई र बोलाईमा दक्ष र स्थानीय भाषा बोल्न वा बुझ्न सक्ने ।

(३) शैक्षिक योग्यता र अनुभव:

३.१ उद्यम विकास सहजकर्ता:

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको
- उद्यम विकास सहजकर्ताको लागि लघु उद्यम  वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको ।

३.२ उद्यम विकास सहयोगी:

- कुनै पनि विषयमा प्रविणता पत्र वा +१२ वा सो सरह पास गरेको
- उद्यम विकास सहयोगीको लागि लघु उद्यम  वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको ।

(४) सेवा करार सम्झौता समाप्त हुने:

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ५ को उपदफा (९) र दफा ७ को उपदफा (३) को अवस्था आए सोही बमोजिम हुनेछ । सोकौ अतिरिक्त उद्यम विकास सहजकर्तासंगको करार सम्झौता त्यस्ता सम्झौता हुदाका बखतको शर्तमा आर्थिक वर्षको बगाबै समाप्त हुने भनी सम्झौता तोकिएको भए सोही बमोजिम र सो नभएमा सोही आर्थिक वर्षको अन्त्यमा स्वत: समाप्त हुनेछ । सम्झौता भंग भएको २ दिन भित्र वा सम्झौता समाप्त हुन पुर्व आफ्नो जिम्मामा रहेको जिन्सी, नगद वा कागजत बरबुझारथ गर्नु पर्नेछ । बरबुझारथ नगरेमा प्रचलित कानुन असुल उपर गरि कारबाही हुनेछ ।

| कार्य विवरण बुझिलिने | कार्य विवरण प्रदान गर्ने |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |